२०७५, असोज
शुक्रबार
१९

बैंकहरूले गत आर्थिक वर्ष २०७४/७५ मा ३५ अर्ब ४७ करोड रुपियाँको सुन आयात गरेका थिए भने चालू आवको दुई महिनामा चार अर्ब रुपियाँभन्दा बढीको सुन आयात भइसकेको छ।

अर्थ

# चिनीमा 'हाई प्रोफाइल' किचलो, चास्नी चाख्ने दाउ

**नेपाल समाचारपत्र**

काठमाडौं

संसदको सार्वजनिक लेखा समितिले चिनीको बजार मुल्य प्रतिकिलो ६३ रुपियाँ कायम गर्न सरकारलाई निर्देशन दिएको छ। बुधबार मन्त्रिपरिषद्ले चिनीको खुद्रा मुल्य प्रतिकिलो ७० रुपियाँ तोकिएको प्रतिसमितिका अधिकांश सदस्यले विरोध जनाएपछि मुल्य घटाउन सरकारलाई निर्देशन दिएको हो।

५३ रुपियाँ गेट मूल्य र खुद्रा मुल्य ६३ रुपियाँलाई सरकारले कडाईका साथ लागू गर्नुका साथै १५ दिनभित्र सबै किसानका बाँकी रकम भुक्तानी गर्नसमेत समितिले निर्देशन दिएको छ। सार्वजनिक लेखा समितिका सभापति भरतकुमार शाहले यसअघि सरकारले चिनी किसान, उत्पादक र व्यापारीसँगको छलफलपछि बजारमा ६३ रुपियाँ प्रतिकिलो कायम हुने गरी समझदारी भएकोमा त्यसलाई सरकारले कडाईका साथ लागू गर्नुपर्ने बताउनुभएको हो।

लेखा समितिले चाडबाडलाई लक्षित गरी चिनी तथा अन्य खाद्यान्न वस्तुको सहज आपूर्तिका सम्बन्धमा बजारको अवस्था बुझ्न समितिले लेखराज भट्टको संयोजकत्वमा एक उपसमितिसमेत गठन गरेको छ। पाँच सदस्यीय उपसमितिले बजारमा महँगी, कालोबजारी, मूल्यवृद्धि जस्ता समस्या र सरकारले गरेको अनुगमन प्रभावकारी भएको नभएको बारे अध्ययन गर्नेछ। उक्त समितिलाई प्रतिवेदन बुझाउन सात दिनको समयसीमा तोकिएको छ।

### लेखा समितिले मूल्य तोकेको थाहा छैन : मन्त्रालय

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भने सार्वजनिक लेखा समितिले चिनीको मूल्य ६३ रुपियाँ तोक्ने गरी आफूलाई कुनै जानकारी नभएको जनाएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नवराज ढकालले लेखा समितिले चिनीको मुल्य तोकेको कुरा थाहा नभएको बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो 'हामीलाई सार्वजनिक लेखा समितिले चिनीको मुल्य निर्धारण गरेको विषयमा जानकारी छैन। हिजो (बुधबार) मन्त्रिपरिषद्ले अधिकतम बजार मुल्य प्रतिकिलो ७० रुपियाँसम्म हुने भनेको छ।

त्योभन्दा कम पनि हुनसक्छ। तर, ७० रुपियाँभन्दा बढी मुल्यमा बेचेको भेटिएमा कारबाही गर्छौं।' ढकालका अनुसार बिहीबार बसेको लेखा समितिको बैठकले आपूर्ति मन्त्रालयलाई छलफलमा बोलाउने व्यहोराको मात्र पत्रचार गरेको छ। लेखा समितिले अधिकतम मूल्य कायम गर्ने कुनै पत्र नपठाएको उहाँको भनाइ छ।

सार्वजनिक लेखा समितिका सभापति भरतकुमार शाहले भने चिनीको मूल्य प्रतिकिलो ६३ रुपियाँ कामय गर्नका लागि सरकार र तालुकवाला मन्त्रालयलाई पत्राचार गरिसकेको बताउनुभयो। आपूर्ति मन्त्रालयले त निर्देशनका विषयमा आफूलाई जानकारी छैन भन्छ नि? भन्ने प्रश्नमा नेपाल समाचारपत्रको प्रश्नमा सभापति शाहले भन्नुभयो- 'मैले हस्ताक्षर गरेको पत्रका विषयमा मलाई थाहा हुँदैन ? तपाई मेरो कुरा पत्याउने कि मन्त्रालयको कुरा ? हामीले सरकारलाई बजारमा चिनी अधिकम् ६३ रुपियाँ प्रतिकिलो बिक्री वितरण गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका छौं। कृषकलाई सरकार र व्यापारी दुवैले तिर्न बाँकी रकम १५ दिन भित्र तिर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ।'

### मन्त्रीको आदेशमा सुपथ मूल्य पसलमा चिनी बेच्न रोक

व्यापारीलाई बढी मूल्य लिन प्रश्रय दिने गरी साल्ट्र ट्रेडिङ कर्पोरेसनले बेच्दै आएको चिनीमा सरकारले बन्देज लगाएको छ। सरकार आफैंले सञ्चालन गरेको सुपथ मूल्य पसलमा पछिल्लो चार दिनदेखि चिनी बेच्न बन्द गरिहएको हो।

निजी क्षेत्रले भन्दा केही सस्तो मूल्यमा खाद्य सामग्री उपलब्ध गराउने भन्दै खोलिएका सुपथ मूल्य पसलमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवको निर्देशनमा चिनी बेच्न रोकिएको मन्त्रालय स्रोतको भनाइ छ। साल्ट्र ट्रेडिङले भने सुपथ मूल्य भन्दै प्रतिकिलो ७० रुपियाँ चिनीको मूल्य निर्धारण गरेको थियो।

७५ रुपियाँ प्रतिकिलोमा बेच्ने गरेको चिनी सरकारकै आग्रहमा ५ रुपियाँ सहुलियत दिएर ७० रुपियाँ प्रतिकिलोमा बिक्री वितरण गर्ने गरेको साल्ट ट्रेडिङ कर्पोरेसनको भनाइ छ। सोही मूल्यमा मात्र चिनी बेच्न सकिने भन्दै साल्ट ट्रेडिङले मन्त्रालयलाई चिनी बिक्री वितरणमा लगाएको बन्देज फुकुवा गर्न भन्दै पत्रसमेत पठाएको छ।। हाल भाटभटेनी सुपरमार्केटमा ५९ रुपियाँ प्रतिकिलो चिनी बिक्री भइरहेको छ।

मन्त्रालयका प्रवक्ता नवराज ढकालका अनुसार साल्ट ट्रेडिङले बेच्दै आएको चिनी बजारको चिनीभन्दा महँगो भएका कारण बिक्री वितरणमा सरकारले रोक लगाएको हो। तर, एक दुई दिनभित्रै सरकाले चिनीको मूल्यसूची तोकेर सोहीअनुसार बिक्री वितरण गर्न साल्ट्र ट्रेडिङलाई निर्देशन दिने उहाँको भनाइ छ। 'साल्ट ट्रेडिङले सहुलियत पसलमा बेच्ने गरेको चिनीभन्दा बाहिर १० रुपियाँसम्म चिनी सस्तो देखिएपछि सो विषयमा मन्त्रालयका विभिन्न तहमा त्यसको छलफल भएको हो। छलफलपछि नै हामीले मूल्य निर्धारण गर्ने र सोहीअनुसार बिक्री गर्न निर्देशन दिन्छौं।' ढकालले भन्नुभयो।

सरकारले निर्धारण गर्ने चिनीको मूल्य साल्ट्र ट्रेडिङका लागि मात्र हो अथवा निजी क्षेत्रका लागि पनि हो भन्ने विषयमा ढकालले भन्नुभयो-'हामी छलफलकै क्रममा छौं। के कति मूल्य निर्धारण गर्ने भन्ने कुरा विभिन्न तहमा छलफल भएर टुंगो लाग्छ।'

सर्वसाधारण भने बजारमा चिनीको मूल्य बढी भएको भन्दै सहुलियत पसल खोज्दै आउने गरेका छन्। बजारमा महँगी नियन्त्रण गर्न नसकेको सरकारले आफूसँग रहेको चिनी भण्डारणमै राखेर कालोबजारी गरेको आरोप लगाउने गरेका छन्। चिनीको मूल्य निर्धारणमा व्यापारीहरुको मनोमानी चलिरहेका बेला सरकारले विदेशबाट आयात हुने चिनीमा परिमाणात्मक बन्देज लगाएको सरकारले बजार नियन्त्रणमा भने कुनै चासो देखाउन सकेको छैन।

### के हो चिनीमा देखिएको समस्या ?

मासिक १२ देखि १५ हजार मेट्रिक टन र दशैं तिहारको समयमा ३० देखि ४० हजार मेट्रिक टन चिनी नेपाली बजारको आवश्यकता हो। त्यसैअनुरूप चालू आर्थिक वर्षका लागि सरकारले ९४ हजार ९ सय मेट्रिक टन चिनी विदेशबाट आयातका लागि कोटा तोकेको थियो। तर, तोकिएको कोटा सकिएको भन्दै गत भदौ ३१ गतेको मन्त्रिपरिषद् निर्णयबाट चिनी आयातमा बन्देज लगाउने निर्णय भएपछि बजारमा चिनीको मूल्य एकाएक आकासिएको हो।

परिमाणात्मक बन्देज लगाउनु अघि नै आयात भएको एकलाख मेट्रिक टन चिनी व्यवसायीले लुकाएको हुन सक्ने सरकारकै अधिकारीहरू बताउँछन्। आखिर कहाँ गयो त एक चाख मेट्रिक टन चिनी ? वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक योगेन्द्रकुमार गौचनका अनुसार भारत, पाकिस्तानलगायत अन्य मुलुकबाट आयात भएको चिनी अहिले व्यापारीहरुले लुकाइरहेका छन्। 'हामीले कोटाअनुसार चिनी आयात गर्ने भनेपछि यसअघि आयात भएको चिनी व्यापारीले लुकाएका हुन सक्छन्। त्यसका लागि हामीले बजार अनुगमनलाई प्रभावकारी बनाएका छौं।'

साल्ट ट्रेडिङले बेच्ने गरको चिनी र चिनी उद्योग महासंघले आइतबार जारी गरेको मूल्य र बजारमा बिक्री भइरहेको चिनीको मुल्यमा प्रतिकिलो २० रुपियाँसम्म अन्तर देखिन्छ। महासंघको मूल्य सूचीअनुसार मूल्य अभिवृद्धि कर (भ्याट) बाहेक प्रतिकिलो चिनीको मूल्य ५७ रुपियाँ ५० पैसा हो । १३ प्रतिशत भ्याट तर्थात् ७ रुपियाँ ४७ पैसासहित उद्योगको मूल्य ६४ रुपियाँ ९७ पैसा पर्न आउँछ । तर, उपभोक्ता भने प्रतिकिलो ८० रुपियाँसम्म बजार मूल्य तिर्न बाध्य छन्। तर, व्यवसायी भने प्रतिकिलो ६५ रुपियाँमा चिनी बजार पठाइरहेको दाबी गरिरहेका छन्।

साल्ट्र ट्रेडिङले बेच्ने चिनीको मुल्य कसरी ७५ रुपियाँ पुग्यो भन्ने विषयमा भने सरकारका कुनै पनि निकायले जवाफ दिने गरेका छैनन्। अरूबेला भन्दा चाडपर्वको समयमा चिनीको बढी प्रयोग हुने गरेको छ। त्यही चाडपर्वको मौका छोपी चिनीमा अत्याधिक मूल्य वृद्धि भएपछि त्यसको चर्को विरोध भइरहेको छ। बजार सरकारको नियन्त्रणभन्दा बाहिर गइरहेका भन्दै यतिबेला सरकारको आलोचना हुन शुरू भएको छ।

चिनीमा देखिएको समस्याका बारेमा सार्वजनिक लेखा समितिमा सबैभन्दा बढी बहस गर्ने सांसदका रूपमा चिनिनुहुन्छ- हृदयेश त्रिपाठी। त्रिपाठीका अनुसार आयातित चिनीमा परिमाणात्मक प्रतिबन्ध लगाउनुको कारण थियो-'स्वदेशी चिनी उद्योगलाई संरक्षण र प्रवर्द्धन गर्ने सरकारको महत्वकांक्षा। तर, व्यापारीले भने किसानलाई तिनुपर्ने बक्यौताको आडमा बजारलाई नै प्रभावित गर्ने गरी चिनीमा चलखेल गर्ने मेसो मिलाइरहेका छन्। नेपाल भित्रिने चिनीमा लाग्दै आएको १५ प्रतिशत राजस्व बढाएर ३० प्रतिशत पुऱ्याउँदा किसानको बक्यौता तिर्ने माग सरकारले बजेटमार्फत् पूरा गरिदियो। त्यतिले मात्र नपुगेपछि उनीहरुले कोटा प्रणालीको माग गर्दै किसानको रकम तिर्ने लालच देखाए। त्यो माग पनि सरकारले सजिलै पूरा गऱ्यो। तर, कृषकलाई ढाट्दै आएका व्यवसायीले यसपटक सरकारलाई पनि नराम्रैसँग ढाँटे।'

## २५ सय मेट्रिक टन भन्सारमै थन्कियो

*कृष्णउदास खनाल, वीरगन्ज*

*सरकारले चिनी आयातमा परिमाणात्मक बन्देज लगाएपछि सरकारी स्वामित्वमा रहेको साल्ट ट्रेडिङ कर्पोरसन लिमिटेडले वीरगन्ज भित्राएको दुई हजार पाँच सय मेट्रिक टन चिनी सिर्सिया सुक्खा बन्दरगाहमा रोकिएको छ।*

*साल्ट ट्रेडिङले भारतको गुजरातबाट आयात गरेको चिनी दुई सातादेखि सुख्खा बन्दरगाहको गोदाममा थन्किएको हो। वीरगन्ज सुक्खा बन्दरगाह भन्सारले जाँचपास गर्न अस्वीकार गरेपछि चिनी गोदाममा थन्किएको हो। वाणिज्य विभागले चिनीको जाँचपास नगर्न पत्राचार गरेको सुक्खा बन्दरगाह भन्सारका प्रमुख भन्सार अधिकृत सूर्य सेढाइले बताउनुभयो। साल्ट ट्रेडिङको चिनी असोज ६ गते वीरगन्जस्थित सुख्खा बन्दरगाहमा आइपुगेको थियो। सरकारले चिनी आयातमा १५ प्रतिशत भन्सार महशुललाई ३० प्रतिशत पुऱ्याएको छ।*

*चिनीको न्यूनतम मूल्यांकनसमेत प्रतिमेट्रिक टन ४ सय ६० अमेरिकी डलर तोकिएको थियो। त्यसबेला व्यवसायीले ३ सय ३० डलरसम्ममा चिनी ल्याएका थिए। अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्यमा ठूलो गिरावट आएपछि स्वदेशी उद्योग संरक्षणको नाममा भन्सार बढाइएको थियो।*

*भन्सार बढाउँदासमेत चिनी आउनेक्रम नरोकिएपछि कोटा लगाइएको हो। असोज १ गतेदेखि कुनै पनि नाकाबाट चिनी भित्रिएको छैन। सरकारले चिनीको आयातमा रोक लगाएपछि आन्तरिक बजारमा चिनीको भाउ बढ्न थालेको छ। सरकारले चिनी उद्योगीको प्रभावमा आयातमा कोटा लगाएको आरोप आयातकर्ता र उपभोक्तावादीले लगाइरहेका छन्। वीरगन्ज क्षेत्रमा प्रतिकिलो ५५ रुपियाँमा पाईने चिनी अहिले ७० रुपियाँसम्म पुगेको छ।*

## केबीसी नेपालमा कोका-कोला आबद्ध

काठमाडौं, (नेस)

नेपाली संस्करण (केबीसी नेपाल ) मा कोका-कोला आबद्ध भएको छ। यो छिट्टै प्रसारणमा आउंन लागेको शो हो। आगामी दुई महिनाभित्र प्रसारणको तयारीमा रहेको कार्यक्रम 'को बन्छ करोडपति' कार्यक्रमले नेपालको टेलिभिजन इतिहासमा नयाँ आयाम थपिने विश्वास लिइएको छ। कोका-कोला जस्तो विश्वप्रशिद्ध उत्पादनको साथ मिल्नु धेरै गर्वको कुरा हो। कोका-कोला मात्रै होइन 'को बन्छ करोडपति' को लागि आफ्नो अमूल्य साथ दिने सबैलाई केबीसी नेपालको प्रमुख प्रायोजक अम्बुज सिंहले भन्नुभयो।

एसआरबीएनका प्रबन्ध निर्देशक विपिन आचार्यले को बन्छ करोडपति कार्यक्रम मानिसको जीवनमा खुशी ल्याउंने एउटा माध्यम बन्ने बताउंनुभयो। डेभिड ब्रिक्स, माइक ह्वाइटहिल र स्टेभेन नाइटले शुरू गरेको यस्तो कार्यक्रम प्रसारणमा ल्याउंने नेपाल १ सय ६१औं देश बनेको छ। बेलायतमा सन् १९९८ सेप्टेम्बर ४ मा शुरू भएको थियो।

## सेञ्चुरी बैंक र सुमेरु अस्पतालबीच सम्झौता



काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंक र सुमेरु अस्पतालबीच विभिन्न सेवा सुविधामा दिइने छुटसम्बन्धी सम्झौता भएको छ। बैंकले आफ्ना क्रेडिट र डेबिट कार्ड ग्राहक तथा शयेरधनीलाई सहुलियत प्रदान गर्ने सम्झौता गरेको हो। सम्झौताअनुसार बैंकको क्रेडिट र डेबिट कार्ड ग्राहकहरु तथा बैंकका शयेरधनीले अस्पतालको ओपीडीलगायत सम्पूर्ण सेवामा १० प्रतिशतसम्म छुट साथै औषधिमा ८ प्रतिशतसम्म छुट पाउनेछन्। उक्त सम्झौतापत्रमा बैंकका प्रमुख बजार अधिकृत रन्जन खड्का र सुमेरु अस्पताल प्रालिका निर्देशक दिलीप डंगोलले हस्ताक्षर गर्नुभएको छ।

